नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

(९)

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७९/८०

चलानी नं. : ३५५

मितिः२०७९/१२/०१

विषयः क्षमता विकासका कार्यक्रम संचालन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

नेपालको संविधानको धारा ३८(४) मा महिलाको हक अन्तर्गत राज्यका सबै निकायमा महिलालाई सामनुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ, धारा (४२) मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था रहेको छ। साथै नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा महिला, आदिवासी, जनजाति, मधेशी, पिछडिएको वर्ग तथा विपन्न नागरिकको सशक्तिकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरेको छ र निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) ले विविधता व्यवस्थापन गरी महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्र, अपांगता भएका व्यक्तिका लागि आरक्षणको समेत व्यवस्था गरेको छ ।

राज्यले लिएको आरक्षण तथा सकारात्मक विभेदको नीतिको प्रभावकारी कार्यान्वयनका लागि लक्षित वर्गको क्षमता विकास हुनु अपरिहार्य हुन्छ। लोक सेवा आयोग तथा विभिन्न संगठित संस्थाहरुले संचालन गर्ने प्रतिस्पर्धात्मक परिक्षाहरुमा लक्षित वर्गबाट अपेक्षित रुपमा दरखास्तनै नपर्ने, आर्थिक सामाजिक रुपमा पछाडि परेका लक्षित वर्गका उम्मेदवारले सफलता प्राप्त गर्न नसक्ने जस्ता प्रवृति देखापरेका छन। विभिन्न अध्ययन प्रतिवेदनहरुबाट समेत आर्थिक सामाजिक रुपमा पछाडि परेको वर्ग तथा समुदायबाट सार्वजनिक सेवामा अपेक्षित प्रतिनिधित्व हुन नसकेको तथ्य उजागर भएको छ।

राज्यले लिएको आरक्षण तथा सकारात्मक विभेद सम्बन्धी नीतिको कार्यान्वयन गरी पछाडि परेको वर्ग तथा समुदायलाई राज्यको मूलप्रवाहमा समाहित गराउदै राज्यप्रतिको अपनत्व अभिवृद्धि गराउनु तिनै तहका सरकारको दायित्व अन्तर्गत पर्दछ । साथै राज्यबाट प्रदान गरिने सेवा तथा अवसरहरुमा समान पहुँचको सुनिश्चितताको लागि सेवा तथा अवसरहरुको सम्प्रेषण गर्नु समेत राज्यको दायित्व हो । सबै वर्ग र समुदायका नागरिकलाई निजामती सेवा लगायतका सार्वजनिक सेवामा प्रवेशका लागि प्रतिस्पर्धात्मक क्षमता वृद्धि गराउनु संघ, प्रदेश र स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहेको छ। उक्त जिम्मेवारी पुरा गर्न तिनै तहका सरकारबीच समन्वय र सहकार्य जरुरी हुन्छ ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

(२)

फोन नं.-४२००५११/४२००३०४

यस विषयलाई मध्यनजर गरी निजामती सेवा लगायतका सार्वजनिक सेवामा प्रवेशका लागि प्रतिस्पर्धी वन्न आवश्यक पर्ने क्षमता विकासका लागि स्थानीय तहले आफ्नो स्रोत साधनको अधिकतम उपयोग गर्दै आफ्नो बार्षिक बजेट, नीति तथा कार्यक्रम मार्फत समाजका हरेक वर्ग र समुदायको पहुँच बढाउन महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य लगायत शहिद, वेपत्ता, द्वन्द पिडित परिवार समेतलाई लक्षित गरी अभियानको रुपमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था हुन मिति २०७९/११/३० (मा.मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ ।

०८१/१२/१

चिरञ्जीवी नेपाल

शाखा अधिकृत